नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

पूर्ण खोप, सुरक्षित भविष्य

## हैजा (Cholera) रोग विरूद्धको खोप अभियान २०७९

# हैजा रोग विरूद्धको खोपबारे बारम्बार सोधिने प्रश्नहरू

### १. हैजा रोग विरुद्धको खोप कस्तो प्रकारको खोप हो ?

हैजा रोग विरुद्ध खुवाइने खोप सुरक्षित र प्रभावकारी खोप हो । यस खोपको दुबै मात्रा पाएको ७ दिनपछि हैजा रोग विरुद्ध सुरक्षा प्रदान गर्दछ । यो खोपले कम्तिमा ५ वर्षसम्म सुरक्षा प्रदान गर्दछ । खोप पाएपछि पनि हामीले सरसफाईका सबै व्यवहारहरू (चर्पीमा मात्र दिसापिसाब गर्ने, साबुन पानीले नियमित हात धुने आदि) को पालना गर्नुपर्छ । यसका साथै, शुद्धिकरण गरेको पानी मात्र पिउनु पर्छ ।

### २. यो खोप लिन किन जरूरी छ ?

हैजा रोगबाट बचाउनुका साथै रोग सर्न नदिई समुदायमा हैजा रोगको प्रभावलाई कम गराउनका लागि खोप लिन जरूरी छ ।

### ३. यो खोप कुन उमेर समूहलाई दिईन्छ ?

यो खोप तोकिएका पालिकाका एक वर्ष माथिका सबै उमेर समूहका व्यक्तिहरूलाई दिइन्छ ।

### ४. यो खोप अभियान कहाँ हुँदैछ ?

यो खोप अभियान काठमाडौंको वडा नं. ११, १२ र १३ मा संचालन गरिने छ । यो खोप तोकिएका खोप केन्द्रबाट निःशुल्क दिइन्छ ।

unicef

World Health Organization Nepal

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

## ५. यो खोप कसले खानु हुदैन ?

यो खोप एक बर्ष मुनिका बालबालिका, पखाला लागेका (Acute gastroenteritis) र ज्वरो (Acute febrile illness) आएको व्यक्तिले लगाउन मिल्दैन तर बिमारी निको भए पछि भने खोप खान मिल्छ । यदि पहिलो मात्रा खोप खाँदा कुनै प्रतिकृया (Hypersensitivity) देखिएमा दोस्रो मात्रा खुवाउनु हुँदैन ।

## ६. के स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिन हुन्छ ?

माथि उल्लेखित रोगहरू लागेका बाहेक रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरू जस्तै एच.आई.भी/एड्स लागेका, कुपोषण भएका, कोभिड-१९ लागेर निको भएका व्यक्तिले पनि यो खोप खान मिल्छ ।

## ७. यो खोप कत्तिको सुरक्षित छ ?

सुरक्षित छ । स्यानकोल (Shanchol) नामक यो खोपलाई विश्व स्वास्थ्य संगठनले सन् २०११ मा प्रयोगको लागि गुणस्तर प्रमाणित (WHO prequalified) गरेको छ र नेपाल सरकारले पनि यो खोपलाई अनुमति दिई सकेको छ ।

## ८. यो खोपको कति मात्रा दिनुपर्छ ?

कम्तिमा २-४ हप्ताको फरकमा यो खोपको दुई मात्रा खुवाउनुपर्छ ।

## ९. यो खोप लगाएपछि के के असरहरू देखिन सक्छन् ?

खोप लिएपछि केहि सामान्य असरहरू देखिन सक्छन् । कसै कसैलाई हल्का ज्वरो आउन पेट दुख्ने, हल्का वाकवाकी वा पखाला लाग्ने, चिलाउने, स-साना बिमिरा/खटिरा आउने, जस्ता सामान्य असरहरू देखिन सक्छ जुन बिस्तारै ठिक भएर जान्छ । अवस्था जटिल हुँदै गएमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

## १०. के यो खोपको पहिलो मात्रा खाएपछि नै हामी सुरक्षित हुन्छौं ?

पूर्ण रुपले सुरक्षित हुन हैजा विरुद्धको खोपको दोस्रो मात्रा खानैपर्छ । खोप लिएपछि पनि हामीले सरसफाईका सबै व्यवहारहरूको (दिसापिसाब चर्पिमा मात्र गर्ने, पानीलाई शुद्धिकरण गरेर मात्र पिउने, साबुनपानीले मिचिमिचि हात धुने आदि) सधै पालना गर्नुपर्छ ।

### थप जानकारी लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य सेवा विभाग**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**खोप नि:शुल्क पाइन्छ** | **खोप सुरक्षित छ** | **खोपले जीवन रक्षा गर्छ**